# <u>उच्च अदालत (तेस्रो संशोधन) नियमावली, २०७८</u>

नेपाल राजपत्रमा प्रकाशन मिति
२०७८।०९।१९

उच्च अदालत नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "उच्च अदालत (तेस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली संवत् २०७८ साल माघ २ गतेदेखि प्रारम्भ हुनेछ।

२. **उच्च अदालत नियमावली, २०७३ को नियम २ मा संशोधनः** उच्च अदालत नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ२) पछि देहायको खण्ड (ङ३) थपिएको छः-

"(ङ३) "पेसी व्यवस्थापन समिति" भन्नाले नियम १६५क. बमोजिमको पेसी व्यवस्थापन समिति सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः-

"**१३. इजलासको गठनः** (१) यस नियमावली बमोजिम अदालतमा दर्ता भएका मुद्दाको सुनुवाइको लागि इजलास गठन र पेसी सूची निर्धारण गोला प्रक्रियाद्वारा हुनेछ।

(२) उपनियम (१) बमोजिमको इजलास गठन तथा पेसी व्यवस्थापन सम्बन्धी अन्य प्रकृया सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकामा निर्धारण भएबमोजिम हुनेछ।"

४. **मूल नियमावलीको नियम १४ मा संशोधनः** मूल नियमावलीको नियम १४ को खण्ड (क१) पछि देहायको खण्ड (क२) थपिएको छः-

"(क२) अदालतको साप्ताहिक पेसी सूची तयार गरी प्रकाशन गर्ने र दैनिक पेसी सूची तयार गरी गोला प्रक्रियाको प्रयोजनको लागि न्यायाधीशहरूसमक्ष पेस गर्ने,"

५. **मूल नियमावलीको नियम २२ मा संशोधनः** मूल नियमावलीको नियम २२ मा रहेका "प्राप्त अधिकार" भन्ने शब्दहरू पछि "मध्ये पेसी सूची तयार गर्ने बाहेकको अन्य अधिकार" भन्ने शब्दहरू थपिएका छन्।

६. **मूल नियमावलीको नियम ६६ मा संशोधनः** मूल नियमावलीको नियम ६६ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"(३) उपनियम (२) बमोजिम तोकिएका न्यायाधीशहरूमध्ये गोला प्रक्रियाद्वारा गठन हुने दुईजना न्यायाधीशको संयुक्त इजलासले मुद्दाको कारबाही र किनारा गर्नेछ।"

(२) उपनियम (४) झिकिएको छ।

(३) उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छः-

"(९) वाणिज्य इजलासका लागि तोकिएका न्यायाधीशले आवश्यकता अनुसार अन्य मुद्दाको समेत कारबाही र किनारा गर्न सक्नेछन्।"

७. **<u>मूल नियमावलीको नियम ८४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८४ को,

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) आगामी हप्ताका लागि पेसीको तारेख तोकिएका मुद्दा तथा प्रतिवेदनहरूको सम्पूर्ण विवरण सहितको सूची पेसी व्यवस्थापन शाखाका प्रमुखले प्रत्येक हप्ताको बुधबारसम्म रजिस्ट्रारसमक्ष पेस गर्नु पर्नेछ। रजिस्ट्रारले पेसी व्यवस्थापन समितिको निर्देशनमा रही मुद्दाको कार्यबोझको अनुपात मिलाई समूहीकृत गरी समूह सूची तयार गर्नु पर्नेछ।"

(२) उपनियम (५) मा रहेको "कुनै पनि मुद्दा" भन्ने शब्दहरू पछि "तथा प्रतिवेदन" भन्ने शब्दहरू थपिएका छन्।

८. **<u>मूल नियमावलीको नियम ८५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८५ को,

(१) उपनियम (१) मा रहेका "मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकामा निर्धारण भएबमोजिम गोला प्रक्रियाद्वारा इजलास गठन गर्ने प्रयोजनका लागि न्यायाधीशहरू" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "मुख्य न्यायाधीशले वा मुख्य भई काम गर्ने वरिष्ठतम न्यायाधीशले इजलास तोकिदिए अनुसारको" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) बमोजिम गोला प्रक्रियाबाट इजलास गठन भएपश्चात् सो अनुसारको" भन्ने शब्दहरु र "सो इजलासलाई तोकिएको" भन्ने शब्दहरूको सट्टा "गोला प्रक्रियाद्वारा गठन भएको इजलासको" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (५) मा रहेका "मुख्य न्यायाधीशले वा मुख्य भई काम गर्ने वरिष्ठतम न्यायाधीशले आवश्यक सम्झेमा" भन्ने शब्दहरुको सट्टा "पेसी व्यवस्थापन समितिले" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (६) झिकिएको छ।

९. **<u>मूल नियमावलीको नियम ८६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८६ को उपनियम (२) मा रहेका "मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश" भन्ने शब्दहरूको सट्टा "पेसी व्यवस्थापन समिति" भन्ने शब्दहरू राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१०. **<u>मूल नियमावलीको नियम ११५ मा संशोधनः</u>** मूल नियमावलीको नियम ११५ को उपनियम (२) मा रहेका "मुख्य न्यायाधीशद्वारा तोकिएको न्यायाधीश" भन्ने शब्दहरूको सट्टा "गोला प्रक्रियाद्वारा गठन भएको न्यायाधीशको इजलास" भन्ने शब्दहरू राखिएका छन्।

११. **<u>मूल नियमावलीमा नियम १६५क. थपः</u>** मूल नियमावलीको नियम १६५ पछि देहायको नियम १६५क. थपिएको छः-

"**१६५क. <u>पेसी व्यवस्थापन समितिः</u>** (१) अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन गर्न देहाय बमोजिमको एक पेसी व्यवस्थापन समिति रहनेछः-

(क) मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश - अध्यक्ष

(ख) वरिष्ठतम दुईजना न्यायाधीश - सदस्य

(२) कुनै कारणवस मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश वा वरिष्ठतम दुईजना न्यायाधीशहरू मध्ये कुनै एक वा दुवैजना अनुपस्थित रहेमा सो अवधिको लागि त्यसपछिको वरिष्ठताको क्रममा रहेको न्यायाधीशले पेसी व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य भई कार्य गर्नेछ।

(३) रजिस्ट्रारले पेशी व्यवस्थापन समितिको सचिवको रूपमा काम गर्नेछ।

(४) पेसी व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) पेसी व्यवस्थापन समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(६) पेसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मुद्दा पेसी चढाउन निश्चित मापदण्ड बनाउने,

(ख) पेसी व्यवस्थापनलाई पारदर्शी र विश्वसनीय बनाउन आवश्यक कार्य गर्ने,

(ग) पेसी व्यवस्थापनका सम्बन्धमा निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने,

(घ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिका बमोजिम पेसी व्यवस्थापन गर्ने, गराउने,

(ङ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निकासा दिने,

(च) पेसी व्यवस्थापनका सम्बन्धमा रजिस्ट्रारलाई आवश्यक निर्देशन दिने।"

१२. **<u>मूल नियमावलीको नियम १६७ मा संशोधनः</u>** मूल नियमावलीको नियम १६७ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) पेसी व्यवस्थापन शाखा,"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय